सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

# वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०८१

मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८१/०९/१८

**प्रस्तावनाः** वैदेशिक रोजगारबाट फर्किएका र स्वदेशमै विभिन्न स्रोत, साधन, श्रृजना तथा सीपको प्रयोग गरी उद्यम गरिरहेका प्रदेशका उत्कृष्ट उद्यमीको छनौट गरी सम्मान गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वान्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उत्कृष्ट उद्यमी सम्मान कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "सम्मान" भन्नाले वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उद्यमीलाई प्रोत्साहन स्वरुप प्रदान गरिने नगद पुरस्कार सहितको सम्मान सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(घ) "उद्यमी" भन्नाले विभिन्न स्रोत साधन,सीप र श्रृजनाको प्रयोग गरी व्यापार,व्यवसाय, उद्योग, कृषि व्यवसाय संचालन गरिरहेका र अन्य श्रमिकलाई पूर्ण वा आंशिक रोजगारी प्रदान गरिरहेका व्यक्तिलाई सम्झनु पर्छ।

(ङ) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाईएको व्यक्ति सम्झनु पर्छ ।

(च) "स्थानीय सिफारिस समिति" भन्नाले दफा ९ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

(छ) "छनौट तथा सिफारिस समिति" भन्नाले दफा १० बमोजिमको छनौट तथा सिफारिस समिति सम्झनु पर्छ।

(ज) "विशेष प्राथमिकता समूह" भन्नाले दलित, आदिवासी जनजाती, एकल महिला, अपाङ्गता भएका उद्यमी सम्झनु पर्छ।

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यविधि बमोजिम प्रदान गरिने सम्मान कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) वैदेशिक रोजगारबाट फर्की उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुर्‍याएका उद्यमीलाई प्रोत्साहित गर्नु,

(ख) स्वदेशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न उत्प्रेरित गर्नु,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(ग) उद्यमीलाई आफ्नो कार्यक्षेत्रमा सफल बन्न अभिप्रेरित गर्नु,

(घ) योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्नु, र

(ङ) वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउनु ।

४. <u>सम्मानित हुनेको संख्याः</u> (१) प्रत्येक जिल्लाबाट एक जनाका दरले प्रदेशका नौ वटै जिल्लाबाट कूल नौ जना उत्कृष्ट उद्यमीलाई सम्मान गरिनेछ ।

(२) उत्कृष्ट उद्यमी छनौट गर्दा उच्चतम अंक प्राप्त गर्नेलाई योग्यताक्रमका आधारमा छनौट गरिनेछ।

५. <u>छनौट तथा मूल्यांकनका आधारहरुः</u> उत्कृष्ट उद्यमी छनौट सम्बन्धी मूल्याङ्कनका आधारहरु अनुसूची-१ बमोजिम हुनेछन्।

६. <u>आवश्यक योग्यताः</u> (१) देहायका योग्यता पुगेका उद्यमीले सम्मानका लागि प्रस्ताव पेश गर्न पाउनेछनः-

(क) प्रदेशको स्थायी बासिन्दा भएको हुनुपर्ने,

(ख) वैदेशिक रोजगारबाट फर्की प्रदेशभित्रै उद्यम गरिरहेको नेपाली नागरिक,

(ग) उद्यमी स्वयम् आफैं संचालक भई व्यवसाय दर्ता र संचालन गरेको,

(घ) विगत दुई वर्षदेखि निरन्तर रुपमा श्रम तथा उद्यम गरिरहेको,

(ङ) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर तिरेको र आफ्नो व्यवसायको लेखापरिक्षण गरेको, र

(च) वार्षिक न्यूनतम पाँचलाख रुपैयासम्मको कारोबार गरेको ।

७. <u>पेश गर्नुपर्ने कागजातहरुः</u> उद्यमीले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) अनुसूची-२ बमोजिमको प्रस्ताव,

(ख) नागरिकताको प्रतिलिपि,

(ग) वैदेशिक रोजगारबाट फर्कीएको व्यहोरा खुल्ने कागजात (भिषा र पासपोर्ट)

(घ) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) PAN/VAT दर्ताको प्रतिलिपि,

(छ) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ज) विशेष प्राथमिकता समूह खुल्ने निस्सा र

(झ) दुई प्रति पासपोर्ट साइजको फोटो र चेकको प्रतिलिपि ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

८. <u>सूचना प्रकाशन र छनौट प्रकृया:</u> (१) मन्त्रालयले कम्तीमा एक्काई दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ ।

(२) सूचना मन्त्रालयको वेभसाईट र स्थानीय सञ्चार माध्यममा समेत प्रकाशन गर्नु पर्नेछ। सामाजिक विकास कार्यालय र स्थानीय तहमा समेत सूचना टाँसको लागि पठाइनेछ ।

(३) प्रस्ताव उद्यम सञ्चालन गरिरहेको स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(४) सम्बन्धित स्थानीय तहले पेश भएका प्रस्ताव मध्येबाट म्याद समाप्त भएको पन्ध्र दिनभित्र दफा ९ बमोजिमको स्थानीय सिफारिस समितिको सिफारिसका आधारमा उत्कृष्ट एउटा उद्यमीको नाम छनौट गरी आवश्यक कागजात सहित मन्त्रालयमा पठाउनु पर्नेछ । सिफारिस समितले उत्कृष्ट उद्यमी सिफारिस गर्दा अनुसूची-१बमोजिमका मूल्याङ्कनका आधारमा उच्चतम अंक प्राप्त गर्ने कुनै एउटा उद्यमीलाई सिफारिस गर्नु पर्नेछ। स्थानीय तहले मन्त्रालयमा कागजात पठाउँदा सिफारिस समितिको निर्णय प्रतिलिपि सहितको पत्र अनिवार्य पठाउनु पर्नेछ ।

(५) सम्बन्धित स्थानीय तहबाट सिफारिस हुन आएका प्रस्तावहरु मन्त्रालयले दफा १० बमोजिमको छनौट तथा सिफारिस समिति समक्ष पेश गर्नु पर्नेछ ।

(६) छनौट तथा सिफारिस समितिले उपदफा (५) बमोजिम पेश भएका प्रस्ताव र संलग्न कागजातका आधारमा अनुसूची-१ बमोजिम मूल्यांकन गरी प्रत्येक जिल्लाबाट उच्चतम अंक प्राप्त गर्ने एक/एक जना उद्यमीलाई पुरस्कार तथा सम्मानका लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

(७) समितिको सिफारिसमा मन्त्रालयले आवश्यकतानुसार उद्यमको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

(८) स्थलगत अनुगमनका लागि मन्त्रालयले आवश्यकतानुसार जिल्लास्थित सामाजिक विकास कार्यालय वा सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्न सक्नेछ ।

९. <u>स्थानीय सिफारिस समिति:</u> (१)पेश हुन आएका प्रस्तावको अनुसूची-१ का आधारमा मूल्यांकन गरी उत्कृष्ट एक उद्यमीको नाम मन्त्रालयमा सिफारिस गर्न सम्बन्धित स्थानीय तहमा देहाय बमोजिमको एक स्थानीय सिफारिस समिति रहनेछः-

(क) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष -संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) रोजगार संयोजक, रोजगार सेवा केन्द्र, सम्बन्धित स्थानीय तह -सदस्य सचिव

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार दफा ८ को उपदफा (४) बमोजिम हुनेछ ।

१०. <u>छनौट तथा सिफारिस समिति:</u> (१) स्थानीय तहबाट सिफारिस भई आएका प्रस्तावको मूल्यांकन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछः-

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(क) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय - सदस्य

(घ) शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(ङ) शाखा प्रमुख,प्रशासन तथा योजना शाखा, मन्त्रालय - सदस्य

(च) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ, सुदूरपश्चिम प्रदेश - सदस्य

(छ) श्रम तथा रोजगार शाखाको कर्मचारी, मन्त्रालय -सदस्य सचिव

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य-सचिवले वोलाउनेछ ।

(३) समितिको बैठकमा बढीमा तीन जनासम्म विज्ञ तथा कर्मचारीहरु आमन्त्रित गर्न सकिनेछ ।

११.<u>सम्मानको राशीः</u> (१) सम्मानको राशी प्रति उद्यमी रु. पचास हजार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रकममा नियमानुसारको कर कट्टी हुनेछ ।

(३) उत्कृष्ट उद्यमीलाई नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरिनेछ ।

(४) उद्यमीले सम्मानस्वरुप पाउने रकम निजको बैङ्क खातामा पठाइनेछ ।

१२.<u>सहयोग गर्नुपर्नेः</u> यस कार्यविधि बमोजिम गरिने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ।

१३.<u>कार्यविधि संशोधन गर्न सक्नेः</u> मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१४.<u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५.<u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची - १
(दफा ५ सँग सम्बन्धित )

## मूल्यांकनका आधार

| सि.नं | छनौटको आधार | अधिकतम अंक | न्यूनतम अंक | प्राप्तांक |
|---|---|---|---|---|
| १. | विगत दुई वर्षदेखि कति श्रमिकलाई पूर्ण रोजगारी दिएको छ? (संख्याको आधारमा अंक दिने) | १२ | ६ | ➢ ५ वा ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए : १२अंक<br>➢ ३ देखि ४ जनालाई रोजगारी दिएको भएमा : ९ अंक<br>➢ १ देखि २ जनालाई रोजगारी दिएको:६ |
| २. | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | १५ | ८ | ➢ स्थानीय स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: १५ अंक<br>➢ स्थानीय र बाहय दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: १२ अंक<br>➢ बाह्य स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: ८ अंक |
| ३. | श्रम तथा वातावरणमैत्री उद्यम | ८ | ३ | श्रम तथा वातावरण मैत्री भए : बढीमा ८ अंक र कम्तीमा ५ अंक (खुला स्थान, बगैचा, बोटबिरुवा, विश्रामस्थल र सरसफाईलाई आधार मानी अंक प्रदान गर्ने) |
| ४. | विशेष प्राथमिकता समुह | ५ | ० | दलित, आदिवासी जनजाती,एकल महिला, अपांगता भएका उद्यमी भए ५ अंक अन्य भए ० |
| ५. | उत्पादित वस्तु तथा सामाग्रीको व्यवस्थापन र प्याकेजिङ्ग | ५ | २ | उत्पादित वस्तु तथा सेवा सामाग्रीको व्यवस्थापन र प्याकेजिङ्गका आधारमा: बढीमा ५ अंक र कम्तीमा २ अंक |
| ६. | सामाजिक सुरक्षा कोषमा आवद्धता | ५ | २ | सामाजिक सुरक्षा कोषमा आवद्धता भएको भए ५अंक<br>सामाजिक सुरक्षा कोषमा आवद्धताको प्रक्रिया अगाडी बढाएको प्रमाण पेश गरेमा २ अंक |
| | जम्मा अंक | ५० | २१ | |

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

अनुसूची -२

(दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

**प्रस्तावको ढांचा**

१. उद्यमीको नामः  ना.प्र.प.नं. :

२. व्यवसाय/उद्यमशीलताको नामः

३. पद/भूमिकाः

४. कार्य प्रकृतिः

५. ठेगानाः

६. कार्यरत/व्यवसाय स्थापना मितिः

७. फोन, फ्याक्स, इमेलः

८. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्नु):

९. के,कुन स्थानीय र वाह्य स्रोत साधन प्रयोग गरी उद्यमशिलतागरिरहेको (स्थानीय र बाह्य स्रोतको नामावली बुँदागत रुपमा खुलाउने):

१०. वातावरणमैत्री उद्यम भए नभए (खुला स्थान, बगैचा, बोटविरुवा, बिश्रामस्थल र सरसफाई के, कस्तो छ लेख्ने)